# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषय: <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
सुरुङ्गा नगरपालिका,
सप्तरी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सुरुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५७ लाख ९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.१८ लाख ७० हजार, र प्रमाण कागजात पेश गर्नुपर्ने रु.३६ लाख ९० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २० यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# सुरुङ्गा नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । २ नम्बर प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा, १०७.०४ वर्ग कि.मी.क्षेत्रफल र ४४२२१ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं | विवरण | रकम | रकम | सि. नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ७१६८०६९ | १ | **चालु खर्च** | | |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | ४०९२८२६८० |
| | ख) बैंक | | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | २७९६५४८.१४ | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३८१६०९००० | | ऋण लगानी | | ० |
| | क) वित्तीय समानीकरण अनुदान | २४४८८३००० | ० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | १३६७२६००० | ० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | | ० |
| | घ) विशेष अनुदान | | ० | ६ | **कोष खर्च** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | ७ | **राजस्व दाखिला** | | ५१५०००.०० |
| | क) वित्तीय समानीकरण अनुदान | | ० | | | | ० |
| | ख) सशर्त अनुदान | | ० | ८ | **मौज्दात** | | ५२३५३१४८ |
| | ग) समपूरक अनुदान | | ० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | | ० | | ख) बैंक मौज्दात ( मुलखाता) | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | धरौटी | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ७००६२२०९.८६ | | | | ० |
| १० | **धरौंटी आय** | | ० | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय(राजस्व)** | | ५१५०००.०० | | | | ० |
| १३ | **आयकर दाखिला बाँकी** | | ० | | | | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | ४६२१५०८२८ | | जम्मा | ४६२१५०८२८ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **लक्ष्य प्रगती :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गांउपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अबधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने व्यबस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम २५ मा अनुसूची २ को ढाँचामा चौमासिक प्रगती तयार गर्नुपर्ने व्यहोरा उल्लेख छ । यस नगरपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रगति बिबरण र बार्षिक योजनागत प्रगति बिबरण तयार गरेको छैन । | |
| २. | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। यस नगरपालिकाले निम्न कार्यहरु जस्ता कार्यहरु गरी आन्तरिक नियन्त्रण प्रणालिलाई सुद्रीढ गराउदै लानु पर्ने देखिन्छ । | |
| २.१ | नगरपालिकाको आर्थिक कार्यबिधि संबन्धि, सार्बजनिक खरीद संबन्धि, कानून कार्यबिधिहरु बनाएको पाईएन । यस्ता नियम, कानून, कायर्बिधि बनाई यस नगरपालिकाको संपूर्ण कृयाकलापहरु सन्चालन हुनु पर्ने देखियो । | |
| २.३ | स्वीकृत बार्षिक कार्यकमको आम्दानि खर्चका प्रत्येक शिर्षकगत र बिचमा कुनै शिर्षक थप भए सो समेतको बजेट, आम्दानि, खर्च, देखिने गरी कार्यकमगत / योजनागत आम्दानि खर्च खाता तयार गरी श्रेस्ताको शिर्षकगत आम्दानि खर्च संग भिडान हुने गरी अध्याबधिक गराई राख्नु पर्ने देखियो । | |
| २.४ | यस नगरपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रतिबेदन पुस्तीका तयार गरेको पाईएन । | |
| २.५ | यस नगरपालिकाले आन्तरीक लेखापरीक्षण गराएको पाईएतापनि यसलाई व्यबस्थित गरी अन्तरीक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालिलाई सूदृढ गराएको देखिएन । | |
| २.६ | आर्थिक बर्ष २०७४।०७५ मा कूल आन्तरिक आय रु.३८,४७,०२२।१३ मध्ये मालपोत र नगदि रसिदबाट रु. २२,०३,०८६।६८ आम्दानी एबं दाखिला देखाएको छ । ११ बटा वडाबाट भएको मालपोत र सिफारिस दस्तुर आदिको आम्दानी, भिडान गर्न कुनै अभिलेख, नगदी रसिद, अध्याबधिक नगदी रसिद नियन्त्रण खाता लेखापरिक्षणार्थ पेश नभएकोले आम्दानी र नगदी रसिदको प्रयोग भिडान गर्ने आधार भएन । तसर्थ नगदि रसिद अनुसारको आम्दानी एबं दाखिला भए नभएको संबन्धमा एकिन गर्नु पर्ने देखियो । आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा संबन्धित तालुक कार्यालय वा बिभागिय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिन सम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिन भन्दा बढी ढिलो गरेको भए पच्चिस प्रतिशत जरीबाना गरी नगद दाखिला गर्न लगाउने समेतको व्यबस्था भएकोममा साही अनुरुप हुनु पर्ने देखियो । | २२,०३,०८६।६८ |
| २.७ | स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७२(१) मा गाउंपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन एक गते देखि आगामि बर्षको असार मसान्त सम्मको अबधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यहोरा उल्लेख छ । यस बर्षको कारोबारलाई यसै बर्षको श्रेस्तामा देखाउदा श्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात फरक परेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राख्नु पर्नेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राखेको पाईएन । | |
| २.८ | सफ्टबेयरबाट नगद आम्दानि गर्ने गरेको, तर सफ्टबेयरको आधिकारिकता पुस्टी नभएकोले, निर्माण सामाग्रिको | |

| | | |
|---|---|---|
| | गुणस्तर परिक्षण नगरेको, बिदि्युतिय लेखा सूत्र प्रयोग नगरेकोले आन्तरिक नियन्त्रणमा सुधार हुनु पर्दछ । | |
| २.९ | संचित कोष हिसाब राखेको पाईएन । संचित कोषको आर्थिक बिबरण तयार पारेको पाईएन । | |
| २.१० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDPE) आदि अन्तर्गत वैदेशिक अनुदानदाताको संयुक्त कोष समेत समाबेस भएकोमा आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची ४,५,६,७,८ मुतविक वैदेशिक सहायकताको अभिलेख खडा गरी राखेको पाइएन । सहायताको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| २.११ | नगरपालिकाको संपूर्ण गर्नु पर्ने कृयाकलापहरुकाहरु समेटेर तयार गरेको आ.ब. २०७४।०७५ को बार्षिक खरीद योजना लेखापरीक्षणर्थ पेश हुन आएन । | |
| २.१२ | स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन तयार गर्नु पर्नेमा यस्तो अभिलेख तथा श्रोत  नक्साङ्कन तयार गरेको नपाईएकोले तयार गर्नुपर्दछ । | |
| २.१३ | आर्थिक विवरण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा नराखि आय व्यय बिबरण तयार गरेको पाइयो । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २.१४ | उपभोक्ता समिति :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।  उपभोक्ता समितिलाई योजना हस्तान्तरण भएको पाईएन । उपमेयरको अध्यक्षतामा गठित अनुगमन समितिबाट प्रत्येक योजनाको अनुगमनको सिफारिस नभई योजनाहरुको समस्ठिगत अनुगमन भएको पाईयो । नियमावली अनुसार उल्लेखित कार्यहरु गर्नुपर्दछ । त्यस्तै उपभोग्ता समितिले गर्ने काम प्रत्येकको लागत अनुमान साथ दर बिश्लेशण अनिबार्य संलग्न गर्नु पर्ने देखियो भने उपभाग्ताले गर्ने कामको लागत अनुमानको काम सम्पन्न गर्न कुन सामान कति लाग्दछ उल्लेख भएको मेटेरियल्स ब्रेक डाउन समेत लागत अनुमानमा संलग्न हुनु पर्ने देखिन्छ । | |
| २.१५ | नगरपालिकाले गरेको संपूर्ण प्रकारको आम्दानी नगरपालिकाको सन्चीत कोषमा आम्दानी हुनु पर्ने र खर्च गर्नु पर्दा पूंजीगत, चालु, आदि खातामा ट्रान्सफर गरेर ट्रान्सफर गरेको खातामा आम्दानी जनाई यसै खाताबाट खर्च गरी आर्थिक बर्षको अन्तमा खर्च भई बांकि रकमलाई पुनः नगरपालिकाको सन्चीत कोष खातामा नै फिर्ता गरेर सन्चीत कोषको खाता अध्याबधिक गराई राख्नु पर्नेमा आर्थिक बर्ष २०७४।०७५ को सन्चीत कोषको खाता (बैङ्क नगदी किताब) नै राखेको पाईएन । त्यस्तै सन्चीत कोषको बैङ्क खातामा आम्दानी नगरीकन नै सिधै चालुकोषको खातामा सामाजिक सुरक्षा कार्यक्रमको को.ले.नि.का. बाट प्राप्त भएको  निकासा रु.६,१७,६३,८००।- आम्दानि गरेर खर्च गरेको पाईयो । आर्थिक बर्ष २०७४।०७५ को सुरुमा बैङ्क स्टेटमेन्ट अनुसार जिम्मेवारी सरेको देखिएको रकम चालु खाताको रु.४,८६,८५६।०८ र पूंजीगत खाताको रु. ३२,७२९।- सन्चीत कोष खातामा आ. ब. २०७३।०७४ मा  नै फिर्ता गरेर सन्चित कोषको खाता अध्याबधिक गराउनु पर्नेमा क्लोजिङ्ग गोश्वारा भौचर नबनाई चालु पूजिगत खातामा जिम्मेवारी सरेकोलाई कायमै राखेर यसैबाट खर्च गरेको पाईयो । आ. ब. २०७४।०७५ को अन्तमा बांकि रकम चालु कोषको रु.३,७१,३७,८८६।६४ र पूजींगत कोषको बांकि रु.१,१३,७३,१७०।२३  मिति २०७५।५।३१ मा मात्र सन्चित कोषमा जम्मा गरेको पाईयो । तसर्थ आ. ब. २०७४।०७५ को सन्चित कोषको हिसाबले सहि र यथार्थ चित्रण गरेको छैन । | |
| २.१६ | वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस नगरपालीकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । आर्थिक वर्ष २०७४।०७५ मा नयां ट्रयाक खोल्ने केहि सडक योजनामा सर्भे गरेको बाहेक वातावरणीय अध्ययन पश्चात मात्र योजना छनौट गरी लागु गरेको पाइएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्नुपर्दछ । | |
| २.१७ | आन्तरिक आय ठेक्का : आर्थिक बर्ष २०७४।०७५ मा पोखरी लगायतका क्षेत्रहरुको खोजी गरी नियमानुसार ठेक्का लगाउन मिल्ने जतिमा  ठेक्का लगाईनु पर्नेमा आयको क्षेत्र पहिचान गरी आन्तरिक आयको ठेक्का लगाएको पाईएन । त्यस्तै भबन निर्माणको नक्सा पास गरी आय आर्जन गरेको पाईएन, एकीकृत संपत्ती कर लागु गरेको पाईएन । भबन अभिलेखिकरण गरेको ७ वटाबाट आय आर्जन गरेको पाईएपनि संपूण भबनको अभिलेखाङ्कन गरेको, र नगरपालिका भित्र कति पोखरीहरु, भबनहरु आदि छन् अभिलेख राखेको पाईएन । आयको थप श्रोत पहिचान गरी, | |

| | | |
|---|---|---|
| | एवं आय आर्जन कार्यमा सकृयता देखाई आय आर्जन बढाउनु पर्ने देखियो । छलफलको कममा आ.ब. २०७५।०७६ मा पोखरीको ठेक्का लगाएको जानकारी हुन आयो । | |
| २.१८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा बढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको बिमा गर्नुपर्ने व्यवस्था छ । निर्माणमा प्रयोग भएका यन्त्र उपकरण मेसिनरी आदिको बिमा गराएको पाईएन । | |
| २.१९ | सार्वजनिक सुनुवाई : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक भेला सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्तो सामाजिक भेला / सुनुवाई गर्ने कार्यको थालनि हुनु पर्ने देखियो । | |
| २.२० | यस नगरपालिका अन्तर्गत सन्चालित बिद्यालयहरु मध्ये कुन कुन बिद्यालयमा कुन कुन तहका निजि शिक्षकहरुलाई कुन बजेटबाट कति पारिश्रमिक भुक्तानि दिएको देखिने अभिलेख खडा गरी नराखेको र पारिश्रमिक माग गरेको माग फाराममा समेत खुल्ने नगरेकोले कुन बिद्यालयका कति निजी शिक्षकलाई नगरपालिकाले कुन श्रोतबाट कति पारिश्रमिक भुक्तानी दिएको छ भिडान एवं निश्चित गर्ने आधार भएन । निजि शिक्षकको पारिश्रमिक नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च लेखिनु पर्दछ । | |
| २.२१ | स्थानीय तहका पदाधिकारी तथा सदश्यहरुको सुबिधा संबन्धि ऐन २०७५ को दफा ८ मा देहोरो पर्ने गरी सुबिधा नपाउने शिर्षक अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तहको सेबाबाट अबकाश लिई त्यस्तो सरकार वा तहबाट निबृत्तिभरण पाईरहेको कुनै व्यक्ति पदाधिकारी वा सदश्य पदमा निर्बाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुबिधा वा निबृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउने व्यबस्था भएकोले निबृत्तिभरण पाईरहेको पदाधिकारीहरु छुट्टीने अभिलेख खडा गरी राखेको पाईएन । | |
| २.२२ | **भरपाईबाट खरिद** : आयकर ऐन २०५८ अनुसार मूल्य अभिबृध्दि कर बिजक जारी नभएको अबस्थामा १५ प्रतिशतले अग्रीम कर कट्टा गरी राजश्व दाखिला गर्नु पर्ने व्यबस्था छ । यस नगरपालिकामा उपभोग्ता समिति मार्फत भएको कामको ढुङ्गा, गिट्टी, माटो, बालुवा आदि खरीद गरेको भरपाई संलग्न राखेर खर्च लेख्दा १५ प्रतिशतले अग्रीम कर कट्टा गरेको छैन । | |
| २.२३ | **सक्कल श्रेस्ता** : जिल्ला प्रशासन कार्यालयबाट बाढी पिडितको लागी प्राप्त भएको रकमको सक्कल श्रेस्ता जिल्ला प्रशासन कार्यालयमा पठाएकोले यस कार्यालयमा परिक्षण गरिएको छैन । | |
| ३. | **प्रसासनिक खर्च :** आन्तरीक आय कुन आधार भित्र रहेर प्रशाशनिक खर्च गर्न पाउने जस्ता काईटेरिया तय नगरीकन नै आन्तरिक आयको रकम खर्च हुने गरेको पाईयो । त्यस्तै पूजिगत खर्च र चालु खर्च कुनवाट के कस्तो खर्च गर्न सकिने हो आधार तय गरेर मात्र चालु र पूंजीगत खर्च गर्ने गर्नु पर्ने देखियो । | |
| ४. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस पालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ यस नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । यस संबन्धमा नगर प्रोफाईल तयार गरेको पाईयो । | |
| ५. | **कार्य विवरण :** निजामती सेवा ऐन २०४९को दफा ५क(१) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनकाने कार्य विवरणको आधारमा सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्नेछ । त्यस्तो कार्य विवरणमा त्यस्तो पदको काम ,कर्तव्य उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले ऐनले तोके बमोजिमको कार्य विवरण बनाइ लागु गरेको पाइएन । कार्य विवरण नदिदा अधिकार र जिम्मेवारी स्पष्ट नहुने भएकोले कार्य सम्पादनमा असर पर्ने देखिन्छ । तसर्थ पालिकाले कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी र अधिकार किटान गरी ऐनको परिपालना गर्नु पर्ने देखिन्छ । | |
| ६. | **बजेट पास गराई खर्च गर्नु पर्ने :** स्थानिय तहमा बजेट तजुमा , कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल | |

| | | |
|---|---|---|
| | सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ। यस नगरपालिकाको बजेट २०७४ फागुन १८ गते मात्र पास भएको पाईएकोले फागुन १८ गते भन्दा अगाडिको आम्दानी, खर्च गर्न मिल्ने कानूनि आधार समेत देखिदैन । यस गांउपालिकाले पुस्ट्याई आधार बेगर गाउंसभाबाट पूंजिगत र चालु खर्च छुट्याई बजेट बिनियोजन गरेको पाईयो । यसोहुंदा पूंजिगत खर्च र चालु खर्च अन्तर्गत के के खर्च समाबेस हुनु पर्ने हो निश्चित गर्ने आधार भएन । तसर्थ आम्दानी खर्च गर्ने आधार तयार गरी आय, बिनियाजन एबं खर्च गर्नु पर्ने देखियो । | |
| ७. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले यस नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थान गर्न सक्ने व्यवस्था छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । प्राप्त बिबरण अनुसार आ.व. ०७४।०७५ मा यस नगरपालिकाको आन्तरिक राजश्व रु..३८,४७,०२२।१३ आम्दानी देखाएको छ । त्यस्तो आयबाट के कुन काममा कति खर्च भयो छुट्टीने अभिलेख रजिस्टर नरहेकोले आन्तरिक आयबाट भएको खर्च र संघीय अनुदानको रकमबाट भएको खर्च नछुट्टीएबाट खर्च प्रकृति विश्लेषण गर्ने आधार भएन । | |
| ८. | **जिन्सी व्यबस्था :** | |
| ८.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मुताविक खर्च नहुने जिन्सि खातामा फर्निचर, सिलाई मेसिन,कंप्युटर आदि मालसामानको विवरण (पुरा स्पेसिफिकेशन ) खुलाउनु पर्ने देखियो । नियम ५० मा जिन्सि निरिक्षण हुनु पर्ने व्यबस्था छ । जिन्सि निरिक्षण गरी मिति २०७५।५।७ मा प्रस्तुत जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेख गरिएबमोजिम ल्यापटप, डेक्सटप आदि मर्मत गर्नु पर्ने र अफिस साईड टेबुल, फ्यान आदि चालुहालतमा नरहेको एवं मर्मत हुन नसक्ने सामानहरु, लिलाम मर्मत मिन्हा जे गर्नु पर्ने हो सो गरी त्यस्तै जिन्सी खाता खर्च हुने र नहुने खाता प्रमाणित गरी गराई, संकेत नंबर उल्लेख नभएकोमा संकेत नंबर उल्लेख गरी जिन्सीको अवस्था अध्यावधिक गराइ राख्नु पर्ने देखियो । | |
| ८.२ | खर्च नहुने जिन्सी खातामा हस्तान्तरण फाराम भरेर / निर्णय उल्लेख गरी निम्नानुसार जिन्सी लगत कट्टा गरेको पाईयो । पाउनेले जिन्सी आम्दानी बांधेको प्रमाण बिना नै लगत कट्टा गर्न मिल्ने देखिएन । जिन्सी खातामा कसलाई दिएको हो सो समेत सबै कैफियतमा कतिपय ठांउमा उल्लेख गरेको पाईएन । | . |

| जि.खा.पा. नं. | जिन्सी खर्च लेखेको मिति | खर्च लेखेको सामानको नाम | परिमाण | खर्च लेखेको रकम (रु.) | कसलाई दिएको |
|---|---|---|---|---|---|
| ङ | २०७५/२/३० | अफिस टेवल साइट टेवल | १ | ८५०० | |
| २ | २०७५/३/२५ | अफिस टेवल साइट टेवल | १६ | १६२५० | आठ नं. नम्बर वडा कार्यालय |
| ६ | २०७५/२/३१ | स्टील दराज हस्तान्तरण | १ | १३५०० | श्री जनता आधारभुत विद्यालय प्रमाणपुर |
| ६ | २०७५/२/३/२५ | स्टील दराज हस्तान्रण | १ | १६५०० | श्री जनता आधारभुत विद्यालय प्रमाणपुर |
| ६ | २०७५/३/२८ | स्टील दराज हस्तानरण | २ | ३१२०० | हरिहरपुर स्वासथ्य चौक |
| ४२ | २०७५/३/२५ | सोफा सेट हस्तान्रण | १ | ३९००० | वडा नं. ८ हस्तान्रण |
| ७२ | २०७५/२/३० | प्लासिटक कुर्सी हस्तान्रण | १० | ८००० | श्रीजग आधारभुत विद्यालय |
| ७२ | २०७५/२/३० | प्लास्टिक कुर्सी हस्तारण | ८ | ६४००० | वडा नं. ९ |
| ७२ | २०७५/३/२५ | प्लासीटक कुर्सी हस्तारण | ५० | ४२३५० | वडा नं. ९ |
| १४३ | २०७५/२/३१ | मिडिग टेवुल | १ | १४२०० | जनता आधारपुत विद्यालय |
| १४४ | ०७५/३/१ | रि मारुती हाफ चियर स्टील वेस | २ | २९६१ | स्वास्थ्य चौकि टिकुलिया |
| १४५ | २०७५/३/१ | रि स्टील फ्रम चियर डि.सी | १ | ९५०० | |
| १४६ | ०७५/३/१ | डवल अफिस टेवल | १ | १२००० | स्वास्थ्य चौकि टिकुलिया |
| १४७ | ०७५/३/१ | अफिस दराज | १ | १२००० | स्वास्थ्य चौकि टिकुलिया |
| १४८ | | प्लासटिक कुसी | २ | १२०० | |
| १५० | २०७५/३ | एसेम्वल कम्प्यूटर | ३ | ७२००० | नैन डावट |
| १५१ | २०७५/३/१५ | ल्यावटप आइ ३ | १ | ५८००० | नैन डावट विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| १५१ | २०७५/३/१८ | ल्यावटप आइ ५ | १ | ६८००० | शिव नगर पिप्रा |
| १५१ | २०७५/३/१८ | ल्यावटप | १ | ५८००० | कैरैया |
| १५२ | २०७५/३/१०,१६ | प्रिन्टर | २ | ५७००० | नैना डावट र शिव नगर पिप्र विद्यालय वडा नं. १ |
| १५४/ | २०७५/३/१०,१५ | एल.इ.डि | ३ | ४१५०० | शिवनगर पिप्रा पश्चितम नौनडावट कोटिया |
| १५६ | २०७५/३/१०,११ | डेल आइ ३ डेक्सटप कम्पयूटर | २ | १००००० | कोरैचायाव, शिवनगर विद्यालय |
| १६५ | २०७५/३/१५ | क्रमटन पानी टान्ने मटर | १ | ११००० | इलाका प्रहरी कार्यालय लक्ष्मीपुर |
| १६६ | २०७५/३/१५ | पर्खा | २ | ८००० | ल्क्ष्मीपुर प्रहरी चौकी |
| १६७ | २०७५/३ | रि चियर फन्सी | २ | २६००० | वडा नं. ८ कार्याल्य |
| १७० | २०७५/३/२ | अफिस टेवल प्लाई | १ | १४४०० | हरिपुर स्वास्थ्य चौकी |
| १७१ | २०७५/३/१ | सिग्ल टेवल | ५ | ४५००० | हरिपुर स्वास्थ्य चौकी |
| १७२ | २०७५/३/१ | रि स्टिल फ्रेम चेयर | १ | १०२०० | हरिपुर स्वास्थ्य चौकी |
| १७३ | २०७५/३/१ | दि मारुती फुल चियर | ५ | ३१२०० | हरिपुर स्वास्थ्य चौकी |
| | | जम्मा | १२८ | ८९१४६१ | |

९. **सम्पत्ति हस्तान्तरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय तहमा सेबा प्रबाह सम्बन्धि व्यबस्था, २०७४ को बुदा नंबर १८(१) मा संघीय संरचना जिल्ला स्तरमा रहने संघीय सरकारका कार्यालयहरु बाहेकका जिल्लास्थित जिल्ला प्राबिधिक कार्यालय, कृषि विकास कार्यालय, पशु सेबा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, नगर बिकास समिति, खेलकूद बिकास समिति जस्ता बिकास समितिहरु, भू-संरक्षण कार्यालय, शिक्षा कार्यालय, तथ्याङ्क कार्यालय, पर्यटन कार्यालय, महिला तथा बालबालिका कार्यालय, प्रतिष्ठान र आयोजना परियोजना, यस्तै प्रकिृतिका जिल्ला स्थित कार्यालय र सो मातहतका अन्य कार्यालय बा निकायहरुको नेपालको संबिधान र स्थानिय सरकार सन्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको कार्य जिम्मेवारीमा परेका कार्यहरु स्थानीय तहमा हस्तान्तरण भए अनुसार सो ऐनको दफा १०४ बमोजिम उक्त ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र त्यस्ता कार्यालय ,निकाय , समिति तथा अन्य निकायको सम्पत्ति, दाईत्व , अभिलेख , कागजा तथा, बजेट संबन्धित गांउपालिका वा नगरपालिकामा स्थानान्तरण गरीसक्नु पर्ने उल्लेख छ । त्यस्तै बुदा नंबर १८(२) मा यस दफा बमोजिम दाईत्व, सम्पत्ती र कार्यक्रम स्थानान्तरण गर्दा अचल सम्पत्तिको हकमा जुन गांउपालिका वा नगरपालिकामा यस्तो अचल संपत्ति रहेको छ सोही गांउपालिका वा नगरपालिकालाई अभिलेख सहित हस्तान्तरण गर्नु पर्ने व्यहोरा उल्लेख छ । यस नगरपालिकाको स्वामित्वमा आउनु पर्ने कुनै कार्यालयको / साबिक गांउ बिकास समितिको संपत्ति, दाईत्व, अभिलेख, कागजात तथा, बजेट यस नगरपालिकामा स्थानान्तरण भएर आएको पाईएन । साविक समितिबाट स्थानान्तरण कार्य सम्पन्न गर्नुपर्दछ ।

१०. **बरबुझारथ :**मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा सम्माहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा सम्माहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

११. **कम लागतका आयोजना :** स्थानीय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि २०६९ को बुदा नंबर ११(२) मा नगरपालिकाले आर्थिक, सामाजिक, एबं भौतिक पूर्बाधार बिकास अन्तर्गत बिनियोजन भएको पूंजीगत बजेटबाट ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यबस्था छ । नगरपालिकाले यो बर्ष पूंजीगत शीर्षकबाट २८४ नगर स्तरिय योजनाहरु छुट्याएको मध्ये वडाका २२२ योजनाहरु ५ लाख भन्दा कमका र सो मध्ये रु. १ लाख भन्दा कमका योजनाहरु वडामा १०७ वटा बिनियोजित भएका छन् । उक्त कार्यबिधिको पालना हुनु पर्ने तर्फ संबन्धितको ध्यान जानु पर्ने देखियो ।

१२. **बडाको मौज्दात रकम :** यस नगरपालिकाका प्रत्येक बडा (साबिक गांउ बिकास समिति) कार्यालयमा निम्नानुसार

| | | |
|---|---|---|
| | आर्थिक बर्ष २०७३।०७४ को अन्तिम मौज्दात संघीय संचित कोषमा फिर्ता नगरी राखे नराखेको संबन्धमा २०७५।३।३२ को बैङ्क स्टेटमेन्ट पेश भएन । | |
| १३. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । यस नगरपालिकाको निति तथा कार्यक्रममा २ सन्तान जन्माउने आमाबाबुलाई रु.५,०००।-का दरले दिने निर्णय गरेको, नगरकार्यपालिकाको २०७४।१२।१८ को निर्णयबाट सुरुङ्गा नगरपालिकाको क्यालेण्डर छपाई गर्ने निर्णय, बिभिन्न निकायलाई आर्थिक सहायता दिने निर्णय,बिपदमा परेकालाई संबन्धित वडा अध्यक्षको समन्वयमा रु.३०००।- देखि १०,०००।- उपलब्ध गराउने निर्णय गरी खर्च गरेको पाईयो । त्यस्तै मिति २०७५ असारमा ३ वटा ल्यापटप र एल.ई.डि खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको पाइयो । यस्तो कार्यमा सुधार हुनु पर्दछ । | |
| १४. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा यस नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले आ. ब. २०७४।०७५ मा व्यबसाय दर्ता अ.ल्या. नभएको र नयां दर्ता ११ वटा भएको पाईयो । व्यवसायहरुको अनुगमन गरेको पाईएन । यस नगरपालिकाले नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अध्यबधिक अभिलेख राखि व्यबसायिलाई करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १५. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नु पर्ने व्यबस्था छ । २०७४।११।६ गते बसेको नगरसभाले नगरपालिकाको मात्र दरबन्दी ९ मध्ये ६ पूर्ति भएको उल्लेख गरी ३ दरबन्दी पूर्ती हुन बांकि रहेको उल्लेख गरेको छ । दरबरन्दी कायम, पूर्ति गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखियो । | |
| १६. | **सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि :** स्थानिय तहमा बजेट तजुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैंङ्क खाता मार्फत भुक्तानि गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । यस नगरपालिकाको नगर बिकास योजनाका प्रमुख नीति, मार्गनिंदेश तथा कार्यक्रमहरुको सामाजिक सुरक्षा अन्तर्गतको २.१.२(३) मा सामाजिक सुरक्षा भत्ता नेपाल सरकारको नीति अनुरुप बैङ्क मार्फत बितरणलाई सहज र सुलभ बनाई बितरणको व्यबस्था मिलाईनेछ भन्ने व्यहोरा पनि उल्लेख छ । आर्थिक बर्ष २०७४।०७५ मा सामाजिक सुरक्षामा भत्तामा रु. ६,१७,६३,८००।- नगद नै बितरण गरेको छ । सामाजिक सुरक्षा भत्ताको रकम पटक पटक गरेर वडागत पेश्कि लिएर वडा, वडामा नगद नै बितरण गरेको भरपाई संलग्न गरी पेश्कि फछ्र्यौट गरेको पाईयो । योजनामा भएको खर्चको अध्याबधिक लगत राख्नु पर्नेमा लगत लगत प्रस्तुत हुन आएन । प्रस्तुत एम्. आई. एस्. बिबरणमा थप घट भएको भिलाएर अध्याबधिक गराई राखेको पाईएन । आर्थिक बर्ष २०७४।०७५ मा एम्. आई. एस्. बिबरणमा थप घट गर्न के कति बिबरण प्राप्त भयो सो को अभिलेख राखेको पाईएन । तसर्थ सामाजिक सुरक्षा भत्ताको रकम प्राप्त गर्नु पर्नेले नै प्राप्त गरेका छन् भन्न सक्ने आधार भएन । सूचना प्रबिधि अधिकृतलाई मिति २०७४।९।१५ देखि तलब भत्ता मासिक रु.४०,०००।- खर्च लेखेको छ । सामाजिक सुरक्षा भत्ता कार्यक्रम संचालन कार्यविधि २०६९ बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनेको आवश्यक सम्पूर्ण विवरण खुल्ने अभिलेख खाता अद्यावधिक गराई राख्नु पर्ने र सोहि आधारमा मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्नु पर्ने देखियो । नगद भुक्तानिको संबन्धमा उक्त प्राबधानको पालना नगरि कार्य गरेको देखियो । | |
| १७. | **न्याय सम्पादन :** यस नगरपालिकामा परेका ३५ उजुरी दर्ता भएकोमा सबै समाधान गरेको पाईयो । उजूरी दर्ता फछ्र्योट अभिलेख अध्याबधिक गराई राख्नु पर्ने देखियो । | |
| १८. | **खर्च अनुमोदन :** आर्थिक बर्ष २०७४।०७५ मा यस नगरपालिकाको कूल आम्दानि / अन्तिम मौज्दात समेतको खर्च भएकोमा नगरसभा २०७५।३।१९मा सम्पन्न भएकोले २०७५।३।१८ पछिको आम्दानी खर्च अनुमोदन गराएको पाईएन । | |
| १९. | **कार्य योजना :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २४(१) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा यस्तो रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्दछ । | |

२०. **शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख रजिस्टर लेखापरिक्षणार्थ प्रस्तुत नभएकोले शिक्षहहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । शिक्षकको पारित तलबि प्रतिबेदन प्रस्तुत हुन आएन ।

२१. **प्राबिधिक पुस्ट्यायी :** उपभोग्ताबाट कार्य गराउनको लागी तयार गरिने लागत अनुमान तयार गर्नु पूर्ब लागत अनुमान बनाउने स्थानको कुन कुन ठाउंमा कति कस्तो चट्टान वा भ्गगोलिक अबस्था पर्छ सो को प्राबिधिक पुस्ट्यायीको आधारमा लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार गर्नु पूर्ब यस्तो प्रबिधिक पूस्ट्याई संलग्न राख्ने गरेको नपाईएबाट बनेको लागत अनुमान र सो मुताबिकको खर्च बास्तबमा त्यति नै खर्च हुनु पर्ने थियो भनि भिडान गर्ने आधार भएन ।

२२. **उपभोग्ता सभिति :** सार्बजनिक खरिद नियमाबलि २०६४ को नियम ९७ अनुसार उपभोग्ता समितिबाट काम गराउदा सम्पन्न निमार्ण कार्यको सन्चालन उपभोग्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेसिनहरु प्रयोग गर्न नहुने व्यबस्था छ । उपभोग्ताबाट जटिल प्राबिधिक पक्ष समाबेस भएका आयोजना उपभोग्ता समितिबाट सन्चालन गर्ने, योजना हस्तान्तरण नहुने जस्ता कानूनले तोकेका कार्य गरेको पाईएन । संझ्यौताको शर्तमा आयोजना निर्माण पछि उपभोग्ता समितिलाई हस्तान्तरण गरिने व्यहोरा उल्लेख भएको पाईएन र कुनै पनि योजना यस आर्थिक बर्षमा उपभोग्ता समितिलाई हस्तान्तरण गरेको छैन । नगरपालिका कार्यालय भबन उपभोग्ता समितिबाट निमार्ण गराईएको छ । प्रत्येक योजनाको संझ्यौता अङ्क, खर्च, कार्य सुरु र सम्पन्न गर्नु पर्ने मिति, सम्पन्न भए नभएको आदि व्यहोरा देखिने गरी अभिलेख लगत कायम गरिराख्नु पर्नेमा यस्तो लगत नराखेकोले कुन, कुन योजना अपुरो छन् , कुन कुन योजनाको कति कति पेश्कि बांकी छ, कुन योजनामा कति लागत सहभागिता भयो र कति नगरपालिकाले व्यहो-यो एकिन गर्ने आधार भएन । यस बर्षका २०७५।३।१८ पछिका खर्चहरु साधारण सभाबाट अनुमोदन भएको छैन । यस्तो खर्च प्रक्रियामा नियन्त्रण हुनु पर्ने देखिन्छ ।

२३. **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ को दफा ३३(२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालित बिभिन्न कार्यक्रमहरु वा आयोजनाहरुको समग्र अनुगमन गर्न नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा नगर सुपरिबेक्षण तथा अनुगमन समिति गठन गरी सो समितिले संचालित कायकम, आयोजना, सामाजिक सुरक्षा भत्ता बितरण, बाल संरक्षण अनुदान र व्यत्तिगत घटना दर्ता कार्यक्रम लगायत नगरपालिकाका समग्र कार्यक्रमहरुको अनुगमन गर्नु पर्न व्यबस्था भएकोमा उक्त नगर सुपरिबेक्षण तथा अनुगमन समिति गठन भएको पाईएन । यो बर्ष कार्यपालिकाको समग्र टीमका २२ पदाधिकारीले २०७५।२।२१ मा वडा नंबर १ देखि ११ सम्मका संपूर्ण योजना अनुगमन गरेर संचालित योजनाहरु सन्तोषजनक रुपमा सन्चालन भएकोले गरिएको भुक्तानी अनुमोदन गर्दै बाकि योजनाहरु पनि सन्तोषजनक रुपमा सन्चालन भईरहेको आधारमा भुक्तानि दिन नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरेको आधारमा खर्च लेखेको पाईयो । यस प्रकारको काम भएको उल्लेख गरी दिएको प्रतिबेदन बाहेक प्रत्येक आयोजनाको छुट्टाछुट्टै अनुगमन गरेको पाईएन । त्यस्तै नगरपालिकाका बडाहरुमा भएका जिन्सि सामानहरु ठिक दुरुस्त भए नभएको संबन्धमा नगरपालिकाबाट अनुगमन निरीक्षण हुने गरेको पाईएन । बार्षिक कार्य तालिका बनाई अनुगमन गर्नु पर्ने देखियो । बडाको निरीक्षण भई जिन्सि सुनिश्चित हुने गर्नु पर्ने समेत देखियो ।

२४. **सबारी साधन खरिद :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १२३ बमोजिम कार्यालयले सुवीधा वृद्धि गरी आथिर्क दायित्व पर्ने निर्णय गर्दा गराउदां अर्थ मंत्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार सबारी साधन खरिद गर्दा नियममा व्यवस्था भए बमोजिम सहमति लिएको नपाईनुको अतिरिक्त आफ्नो आन्तरिक आय बाट खरिद गरेको समेत पाईएन ।

| जि.खा.पा.नं. | दाखिला मिति | सबारी साधनको नाम | खरीद मूल्य (रु.) |
|---|---|---|---|
| १७ | २०७४।६।२८ | पल्सर मोटरसाईकल एक | २,१२,३००।- |
| १७ | २०७५।१।२८ | पल्सर मोटरसाईकल सत्र | ४१,०८,६४५।- |
| १४९ | २०७५।२।२८ | स्कार्पियो महेन्द्रा गाडी एक | ४९,६०,०००।- |
| १२९ | २०७५।२।१० | रातो स्कूटी | १,७८,९००।- |
| | | **जम्मा** | **९४,५९,८४५।-** |

२५. **बजेट पारित गर्नु पर्ने :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७१(६) मा सभाले उपदफा १ वा ५ बमोजिम पेश भएको बजेट असार मसान्त भित्र पारित गरिसक्नु पर्ने भएपनि दफा ७१(७) मा पहिलो पल्ट गठन भएको नगरपालिका पदाधिकारीले पद बहालि गरेको दुई महिना भित्र बजेट पास गर्न बाधा मानिने छैन भन्ने व्यबस्था भएकोमा यस नगरपालिकाको बजेट २०७४ फागुन ६ गते मात्र पास गरेको पाईयो । त्यस्तै २०७५।०७६ को बजेट २०७५।३।१९मा पास गरेको पाईयो ।

२६. **औषधि खरिद एवं भण्डारण :** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औं प्रतिवेदनको निःशुल्क वितरण गरिने औषधीको लोगोको व्यहोराका सम्वन्धमा दिएको सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । कार्यालयले खरिद गरेको / हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुको बाँकी

<table>
<tr><td></td><td>औषधीमा नि:शुल्क वितरणको लोगो समेत लगाएको पाईएन । निर्देशिकाको परिपालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>सोधभर्ना भुक्तानी: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७६(१) मा प्रचलित कानून बमोजिम कार्यालयले नेपाल भित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित विक्रेतलाई भुक्तानी दिनु पर्ने व्यवस्था छ । तसर्थ कर्मचारीलाई खरिद खर्च सोधभर्ना दिने प्रकृयामा नियन्त्रण हुनु पर्ने देखिन्छ । उदाहरणार्थ यस नगरपालिकाका बिभिन्न वडाहरुको लागी आबश्यक कार्यालय सन्चालन सामाग्रिहरु खरिद गरि सोधभर्ना भुक्तानी दिने गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>२८.</td><td>स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता आदी आयव्यय हिसावको छुट्टै संचितकोषको हिसाब राख्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले संचितकोषको छुट्टै हिसाब राखेको पाईएन । आर्थिक बर्षभरीमा भएको सम्पूर्ण कारोबारको रकमको हिसाब राखी चालु र पूंजीगत खर्च खातामा ट्रान्सफर गरी खर्च खाताहरुबाट आर्थिक वर्षभरी कारोबार गरी वर्षान्तमा बांकी रकम नगरपालिकाको सन्चित कोषमा फिर्ता गर्नुपर्ने व्यबस्था छ । खर्च खाताहरुबाट समेत सिधैं कारोबार गरेको,खर्च खाताहरुबाट भएको पेश्की कारोबारको आंशिक पेश्की फछ्र्यौट भई नगद फिर्ता रकम खर्च खातामा लेखांकन गर्नुपर्नेमा संचित कोषमा सिधैं फिर्ता गरेको तथा संचित कोषको हिसाब अध्याबधिक नगरेको कारणले एकिकृत आयव्यय बिवरणले देखाएको हिसाब भिडान गरी यकिन गर्न सकिएन । तसर्थ ऐनमा व्यवस्था भए बमोजिम सञ्चित कोष तथा खर्च खाताहरुको अभिलेख राखी सम्बन्धित खातामा जनाई हिसाब दुरुस्त राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>बैंक हिसाब मिलान:– नगरपालिकाले आर्थिक वर्षमा गरिएको कारोकारको श्रेस्ताले देखाएको मौज्दात र बैंक स्टेटमेन्टले देखाएको बांकी मौज्दातका सम्बन्धमा प्रत्येक महिना हिसाब मिलान गरी मौज्दात रकम दुरुस्त गरी राख्नुपर्नेमा नगरपालिकाले बैंक हिसाब मिलान गरेको छैन । जसको कारण बैंक स्टेटमेन्टले देखाएको मौज्दात र श्रेस्ताले देखाएको मौज्दातका सम्बन्धमा यकिन गर्न सकिएन । यस कार्यमा नगरपालिकाले कार्यालयको श्रेस्ताले देखाएको र बैङ्कको मौज्दात रकम भिडान गर्न बैंक हिसाब विवरण तयार गरी यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.१</td><td>सुबिधा : लेखा परीक्षण गरेका श्रेस्ताहरुबाट निम्नानुसार बैठक भत्ता, गाडी भाडा, प्रोत्साहन सुबिधा, सल्लाहाकार, स्वकिय सचिब, नियुक्ति आदि सुबिधा खर्च लेखेको रकम उल्लेख गरिएको छ । यसको अलाबा उक्त बैठक, भाडा, सुबिधा, नियुक्ति आदिमा बर्ष भरिमा लेखेको संपूण खर्च रकम नियम अनुकूल नदेखिएकोले यस नगरपालिकाबाट नै यकिन हुनु पर्ने समेत देखियो ।</td><td></td></tr>
<tr><td>३०.</td><td>बैठक भत्ता : प्रदेश नंबर २ ले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदश्यहरुको सुबिधा संबन्धी ऐन २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित वा मनोनित भएको मितिदेखि अनुसुचि १ बमोजिमको रकममा नबढने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित सभाले पारित गरे वमोजिमको सुविधा तथा भत्ता पाउने उल्लेख छ । यस नगरपालिकाले उक्त कानूनमा व्यबस्था नभएको बैठक भत्ता बापत खर्च लेखेको रकम नियम अनुकूल नदेखिएको ।
<table>
<tr><th>गो.भा.न. मिति</th><th>विवरण</th><th>संख्या</th><th>पदाधिकारी</th><th>कर्मचारी</th></tr>
<tr><td>१७/०७४/६/२७</td><td>कार्यालयको ०७४।७२७ को बैठक</td><td>२५</td><td>३१५००.००</td><td>६०००.००</td></tr>
<tr><td>४०/०७४/८/२७</td><td>नगर कार्यपालिकाको बैठक ४ पटक</td><td>१०५</td><td>१४८५००.००</td><td>९०००</td></tr>
<tr><td>८८/०७४/११/८</td><td>नगरसभाको उप समिति बैठक</td><td>२१</td><td>१५०००.००</td><td>६०००.००</td></tr>
<tr><td>९५/०७५/११/१४</td><td>नगरसभाको बैठक</td><td>३०</td><td>६३०००.००</td><td>२७०००.००</td></tr>
<tr><td>९५/०७५/११/१४</td><td>नगरसभा( ०७४।११।५)</td><td>८२</td><td>१३२०००</td><td>३२०००</td></tr>
<tr><td>९५/०७५/११/१४</td><td>नगरसभा सिमा निर्धारण बैठक</td><td>५०</td><td>५२५००</td><td>२२५००</td></tr>
<tr><td>११९/०७५/१/२५</td><td>कार्य पालिकाको बैठक ४ वटा</td><td>२५</td><td>१२६०००</td><td>२४०००</td></tr>
<tr><td>१५७/०७५/२/८</td><td>नगर कार्यपालिका वैठक ६ वटा</td><td>२५</td><td>१७४०००.००</td><td>४३५००</td></tr>
<tr><td>१७४/०७५/३/३१</td><td>न्यायिक समितिको बैठक १६ वटा</td><td>३</td><td>४८०००</td><td>०</td></tr>
<tr><td>१९०/०७५/३/३१</td><td>नगर प्रमुख सहित पदाधिकारी</td><td>४९</td><td>४४०००</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८३४५००</td><td>१७५०००</td></tr>
</table></td><td>१०,०९,५००।</td></tr>
<tr><td>३१.</td><td>कर्मचारी प्रोत्साहन सुबिधा : स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेबाको शर्त तथा सुबिधा संबन्धि आधारभूत शिध्दान्त र मापदण्ड संघीय कानून बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेबाका कर्मचारीको सुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल</td><td></td></tr>
</table>

सरकारले तोके बमोजिम हुने व्यवस्था छ। गांउपालिका / नगरपालिकामा कार्यरत कर्मचारीले मासिबक तलबमा थप भत्ता समेत भुक्तानि गरेको पाईएकोले उक्त सुबिधा संघीय कानूनको शिध्दान्त र मापदण्ड अनुकूल नदेखिएकोले निम्नानुसारको खर्च नियम सम्मत नदेखिएको ।

| गो.भा.न. मिति | विवरण | जम्मा |
|---|---|---|
| ९४/०७४/११/१३ | प्र.प्र.अ. दिपक दाहाल सहित ८ जनालाई २०७४ २०७४ श्रावण देखि माघ सम्म ७ महिनाको कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी(नगरसभा भएको वेलामा १०० प्रतिशत) | २३९५५६.१७ |
| ९४/०७४/११/१३ | प्र.प्र.अ. दिपक दाहाल सहित ८ जनालाई २०७४ २०७४ श्रावण देखि माघ सम्म ७ महिनाको कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी २५ प्रतिशत | २०५५६८.३० |
| ९४/०७४/११/१३ | कर्मचारी प्रोत्साहन खाजा खाना(०७४।१०।२२ देखि ११।६) | ११२००.०० |
| १२७/०७५/२/७ | नगरसभाको निर्णय अनुसार भनि प्र.प्र.अ. राजकुमार दास समेत ८ जनालाई | २०७५७९.०० |
| | जम्मा | ६६३९०३.४७ |

६६३९०३.४७

३२. **पदाधिकारी, कर्मचारी सुबिधा सबारी साधन भाडा** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १२३ बमोजिम कार्यालयले सुवीधा वृद्धि गरी आथिर्क दायित्व पर्ने निर्णय गर्दा गराउदां अर्थ मंत्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले दुई वटा गाडी भाडामा लिएको मध्ये एउटा बा १५ च ३८०० गडी धनी सत्रुघन रायको गाडी २०७४ माग र फागुनको मासिक भाडा १०००००।०० ले रु २०००००।- र अर्को गाडि स १ च १२५७ नम्बरको गाडि गाडी धनि दुर्गा नन्दन चौधरीको गाडीले २०७४ चैत्र देखि ०७५ असार सम्म भाडा रु. ११७०००।०० को दरले ४६८०००।०० समेत जम्मा ६६८०००।०० गाडी भाडा खर्च लेखेकोमा यस्तो सुबिधा प्रदान गर्दा नियममा व्यवस्था भए बमोजिम नभएको, अर्थ मंत्रालयको सहमति लिएको नपाईनुको अतिरिक्त आफ्नो आन्तरिक आय बाट खर्च गरेको समेत पुस्टी हुन आएन ।

६६८०००.००

**समानिकरण पूजिगत :**

३३. **गत वर्षको मौज्दात** : कार्यालयको गत वर्षको अन्तिम मौज्दात रु.७३,८८,७४१।३१ रहेकोमा कार्यालयले रु.७१,६८,०६९।४४ मात्र अ.ल्या.गरेको देखिएकोले रु.२,२०,६९१।२७ कम मौज्दात अ.ल्या.गरेको सम्बन्धमा कार्यालयले यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.........

२२०६७१।२७

३४. **दाखिला गर्न बांकी कर:–** कार्यालयबाट देहायमा उल्लेख गरिएका शिर्षक तथा विषयहरुमा भुक्तानीमा कट्टी गरिएको अग्रिम आयकर दाखिला गर्न बांकी देखिएको हुनाले रु.१५,५८१।०० राजस्व दाखिला हुनुपर्ने रु.....

१५५८१।००

| सि.नं. | शिर्षक वा बिषय | दाखिला हुन बांकी अग्रिम कर |
|---|---|---|
| १ | सशर्ततर्फ पशु | ११८६.०० |
| २ | जिल्ला समन्वयबाट प्राप्त | ३८४०.०० |
| ३ | समानिकरण चालु कार्यालय सञ्चालन | १४५३९.०० |
| ४ | समानिकरण चालु कार्यक्रम | ६०००.०० |
| ५ | समानिकरण चालु महिला | १०५०.०० |
| ६ | समानिकरण चालु कृषितर्फ बढी दाखिला | (११०३४) |
| | **जम्मा** | **१५५८१** |

३५. **सिधैं खरिद:–**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्दा प्रतिस्प्रर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ बमोजिम रु.५ लाखभन्दा बढीको खरिदमा सिलबन्दी दरभाउपत्र तथा बोलपत्रद्धारा खरिद गनुपर्ने व्यवस्था छ। कार्यालयले वार्षिक योजना तयार गरी तोकिएको खरिद प्रक्रिया अपनाउनु पर्नेका सो अनुसार नगरी टुक्रा टुक्रा पारी देहाय अनुसारको सामान सप्लाई कार्य ऐन नियममा भएको प्रक्रिया पूरा नगरी निर्माण कार्य गरेको नियमसम्मत देखिएन ।

| ब.उ.शि.नं. | गो.भौ.नं.र मिति | भुक्तानी रकम | विवरण | सप्लायर्सको नाम |
|---|---|---|---|---|
| समानिकरण पूंजीगत | २/०७४/११/१५ | २१७०२२.०० | रोस्टम समेत | निरज स्टील फर्निचर |

| | | | | |
|---|---|---|---|---|
| समानिकरण पूंजीगत | ४/०७५/२/१८ | ४९९७५३.३८ | कम्प्युटर टेबल समेत | मां धमिनि कम्प्युटर गोलबजार,सिराहा |
| समानिकरण पूंजीगत | ४/०७५/२/१८ | ४९९००८.०० | अफिस टेबुल १३ समेत | निरज ट्रेडर्स एण्ड सप्लायर्स,लहान |
| समानिकरण पूंजीगत | ४/०७५/२/१८ | ४२८४००.०० | प्रिमियम र्‍याक समेत | सुधिर ईन्टरप्राईजेज सिराहा |
| समानिकरण पूंजीगत | ५/०७५/२/१८ | ४९८३३०.०० | अफिस दराज २४ समेत | शुभम स्टील फर्निचर,लहान |
| समानिकरण पूंजीगत | ५/०७५/२/१८ | ४९९६८६.०० | सोफा १२ सेट समेत | बिबेक स्टील फर्निचर उद्योग,सिन्धुली |
| **जम्मा** | | **२६४२१९९.३८** | | |
| समानिकरण पूंजीगत | २/०७४/११/१५ | १२९८०८.०० | कम्प्यूटर,प्रिन्टर समेत | लहान अफिस अटोमेसन सेन्टर,लहान |
| समानिकरण पूंजीगत | २/०७४/११/१५ | १५०००१.८५ | ल्यापटप २ थान | इन्टरफेस कम्प्यूटर सिस्टम लहान |
| समानिकरण पूंजीगत | ३/०७५/१/१० | ३७१७९१.४७ | कम्प्युटर ३ समेत | इन्टरफेस आई.टि.सोलुसन लहान |
| समानिकरण पूंजीगत | ३/०७५/१/१० | ३४१४२२.७२ | ल्यापटप १ समेत | इन्टरफेस कम्प्यूटर सिस्टम लहान |
| **जम्मा** | | **९९३०२४.०४** | | |
| | १०/०७४/६/२७ | ३७४४५९.०० | अफिस सामान | न्यू यादव छापाखाना एण्ड स्टेशनरी लाहान |
| | २२/०७५/३/१८ | ४९९७१४.०० | अफिस सामान | नेपाल स्टेशनरी कागज एण्ड सप्लायर्स लाहान |
| **जम्मा** | | **८,७४,१७३.००** | | |
| **कुलजम्मा** | | **४५,०९,३९६.४२** | | |

३६. **सोलार प्यानल खरिदः–**नगरपालिकाले यस वर्ष गो.भौ.नं.८।०७५।३।२४ बाट जे.भी.ईन्टरनेशनल प्रा.ली.काठमाडौंबाट बोलपत्रको माध्यमबाट रु.२३,९२,३२०।०० बराबरको २१ वटा सोलार सडकमा जडान गर्न सोलार प्यानल खरिद गरी भुक्तानी गरेको देखियो । सोलार प्यानल खरिद कार्यमा लागत अनुमान तयार गरेको भएतापनि सो लागत अनुमानमा समाबेश भएको दररेटको दर बिश्लेषण पेश नभएकोले सो लागत अनुमान सम्बन्धमा यकिन गर्न सकिएन । उक्त सोलार प्यानल जडान भएको कार्यसम्पन्न प्रतिबेदन तथा जिन्सी दाखिला भएको प्रमाण पेश हुन आएको छैन ।

३७. **डि.पि.आर.खर्चः–** कार्यालयले देहाय अनुसारका बिभिन्न योजनाहरुको डि.पी.आर सिधैं गराई यो वर्ष रु.८३,९४,७५८।०० खर्च लेखांकन गरेको छ । यसरी कार्यालयले यो कार्य कार्यालयमा कार्यरत कर्मचारी मार्फत गराई वा समान किसिमको कामलाई प्याकेज बनाई पत्रिकामा सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक किसिमबाट गराई मितव्ययीता अपनाउनुपर्नेमा सो गरेको पाईएन । निम्न परामर्शदाताहरुबाट सो कार्य गराएकोमा डि.पि.आरको प्रतिबदेन जिन्सी दाखिला गर्नु पर्ने देखियो । कार्यालयले यस वर्ष उल्लेखित बिभिन्न योजनाहरुको डि.पि.आर गराएकोमा सो डि.पि.आरको लागत अनुमान तयार गरेकोमा सो को नर्म्स तथा लागत अनुमानमा समाबेश गरिएको दर गणना गरीएको बिस्तृत परिमाण तथा दर बिश्लेषण लेखापरीक्षणमा पेश नभएकोले सो लागत अनुमानको यर्थातता सम्बन्धमा यकिन गर्न सकिएन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम (मू.अ.कर समेत) | परामर्शदाताको नाम | योजनाको नाम |
|---|---|---|---|
| २/०७५/२/२५,८/०७५/३/३१ | १९६४५७८.०० | Aarambha Engineering Consultancy | न.पा.भवन र ईन्जिनियरिङ्ग संस्थान भवन |
| ७/०७५/३/३१ | १९८००००.०० | Leading Engineering Architect and Developers | वडा नं.६ र ११ को कार्यालय भवन |
| १/०७५/२/२५,४/०७५/३/३१ | ९९००००.०० | RND Centre p.ltd | बिसनरिया दहको विस्तृत परियोजना |
| ३/०७५/२/२५,६/०७५/३/३१ | ९९४४००.०० | Mastermind consultancy Rajbiraj | कुराहाखोला पुल |
| २४/०७५/२/२५.२९/०७५/३/३१ | ९८४२३०.०० | Adhiyantra consulting p.ltd | नगरस्तरिय सडक गुरुयोजना |
| ५/०७५/३/३१ | ४९१५५०.०० | systemetic Engineering | वडा नं.६ मा चिल्ड्रेन पार्क |
| ९/०७५/३/३१ | ९९००००.०० | Benchmark consultant | भेडिया सामुदायिक वनभित्र पर्यटक पार्क |
| **जम्मा** | **८३९४७५८** | | |

३८. **योजना कार्यान्वयन अवस्थाः–** नगरपालिकाबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिहरुबाट कार्यान्वयन भएको देखिन्छ । उपभोक्ताबाट सञ्चालन गरिने योजनाहरु स्वयम उपभोक्ताहरु उपस्थित भई उपभोक्ताहरुको श्रम,सिप भएका कामहरु सञ्चालन गर्ने कानूनी व्यवस्था रहेको अवस्थामा सम्पूर्ण योजनाहरु जस्तै भवन निर्माण,सडक ढलान जस्ता बिशिष्ठ शिप आवाश्यक पर्ने योजनाहरु समेत उपभोक्ता गराएको नियमसम्म देखिएन । साथै उपभोक्ताबाट सञ्चालित योजनहरु अधिकांशमा सम्झौताको सर्त प्रचलित नियम बमोजिम योजनामा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता र अनुगमन समिति सहित लाभान्वित वर्ग समेतको भेलाबाट भएको

सार्वजनिक लेखा परीक्षण भएको र योजना सम्पन्न भएपछि कार्यालयबाट जांचपास गरी फरफारकको प्रमाणपत्र लिएको समेत देखिएन । एवम केही योजनाहरुको सम्झौता फारममा सम्पूर्ण व्यहोराहरु खुलाई सम्झौता फाराम भरेको समेत देखिएन एवम कामको नापी किताबमा नापी गरेको मिति समेत खुलाउने गरेको छैन । साथै कार्यालयले वर्षभरी सञ्चालित योजनाहरुको लागत अनुमान,बजेट,खर्च,निर्माण कार्यको विवरण खुल्ने गरी लगत अभिलेख समेत राखेको पाईएन । यसरी लगत राखेको अवस्थामा पुन आगामी वर्ष सोही योजनाहरुमा निर्माण कार्यमा दोहोपना हुनबाट रोकिन जाने अवस्था हुने हदां कार्यालयले सञ्चालित योजनाहरुको अभिलेख राख्नेतर्फ ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।

३९. **योजनाको लागत अनुमान र कार्यान्वयनः–**नगरपालिका कार्यालयबाट बजेट बिनियोजन अनुसारको लागत अनुमान तयार गरी कार्यान्वयन गर्ने क्रममा सोही योजनामा पुन बजेट थप भएको अवस्थामा संशोधित लागत अनुमान तयार गरी सोही अनुसार योजना कार्यान्वयन गर्नुपर्नेमा नगरपालिकाले पुन थप भएको बजेट बराबरको मात्र लागत अनुमान तयार गरी सोही एउटै उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्ने गरेको हुदां काममा दोहोपना हुन जान सक्नेतर्फ कार्यालयले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

४०. **मुसहरनिया सडकः** नगरपालिकाको वडा नं.८ को मुसहरनिया सडक निर्माण कार्यमा रु.५,०९,२४९।०० खर्च भएकोमा सो योजनाको सम्झौतामा सम्झौता मिति उल्लेख नभएको,नापी मिति,कार्यादेश मिति समेत उल्लेख नगरिएको कायरण योजना कार्यान्वयन अवस्थाको सम्बन्धमा यकिन भन्न सकिने अवस्था रहेन ।

४१. **वडा कार्यालहरुको लागि खरिदः–** नगरपालिकाले सम्पूर्ण वडाहरुको लागि वडा कार्यालय मार्फत जिन्सी सामानहरु खरिद गरी भुक्तानी गरेको अवस्था रहेको छ । यसरी खरिद गरिएका जिन्सी सामानको दाखिला नगरपालिका कार्यालयमा राखि सहायक जिन्सी खातामा वडा कार्यालयहरुलाई बुझाई वडा कार्यालयहरुले वडा कार्यालको जिन्सी खातामा अभिलेख राख्नुपर्ने देखिन्छ । यो वर्ष वडा कार्यालयहरुको लागि वडा कार्यालयमा बजेट बिनियोजन भई खरिद गरिएकामध्ये देहायमा उल्लेख गरिएका जिन्सी सामानको सोही अनुसार अभिलेख राखेको छैन । साथै नगरपालिकालाई बिनियोजित बजेटबाट खरिद गरिएका समेत जिन्सी सामानहरुको सोही अनुसार अभिलेख राख्ने र राख्न लगाउनुपर्ने देखिन्छ ।

| वडा नं. | गो.भौ.नं.र मिति | भुक्तानी रकम | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | ५/०७५/२/२९ | ९९५०४.०० | ल्यापटप १ थान | |
| १ | ७/०७५/३/१८ | ३९९९५०.०० | ल्यापटप २ थान | |
| १ | ९/०७५/३/३१ | २०००००.०० | ल्यापटप १ थान समेत | |
| ७ | १०/०७५/३/१९ | २५००००.०० | खेलकुद सामाग्री खरिद | प्रयोजन नखुल्ने |
| ७ | १२/०७५/३/३२ | १५००००.०० | टेबुल समेत | |

४२. **बिद्युतिकरण :** नगरपालिकाको देहायमा उल्लेख गरिएका टोलमा बिद्युतिकरण गर्नको लागि रु.१,४४,३७,५६७।११ को लागत अनुमान तयार गरी उपभोक्ता समितिहरुबाट निर्माण कार्य गराई रु.९९,७८,३३८।०० खर्च भएकोमा सो लागत अनुमानमा समावेश गरिएको दर बिश्लेषण लेखापरीक्षणमा पेश नभएको कारण यकिन गर्न सकिएन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम | लागत अनुमान( उपभोक्ताको श्रमदान समेत) | उपभोक्ता समितिको नाम | कैफियत |
|---|---|---|---|---|
| १/०७५/२/२३ | ८०२२१४.०० | ४३११११११.११ | वडा नं.३ दौलतपुर विद्युतिकरण उ.स. | निर्माण कार्य सम्पन्न नभएको |
| ३/०७५/२/२३ | २९१०००.०० | ३२३३३३.०० | वडा नं.६ विद्युतिकरण उ.स. | सम्पन्न |
| २/०७५/२/३२ | ८८८५१२४.०० | ९८०३१२३.०० | वडा नं.२ स्तरिय विद्युतिकरण उ.स. | सम्पन्न |
| **जम्मा** | **९९७८३३८** | **१४४३७५६७.११** | | |

४३. वडा नं.३ दौलतपुर विद्युतिकरण योजनाको पहिलो रनिङ्ग बिल गो.भौ.नं.१।०७५।२।२३ बाट रु.८,०२,२१४।०० गर्दा ११ के.भी.पिन इन्सुलेटर ९६ पिसको प्रति पिस रु.२३८।०० का दरले रु.२२,८४८।०० को उपभोक्तालाई भुक्तानी दिएकोमा उपभोक्ताले सो सामान खरिद गरेको बिजक पेश गरेको नदेखिएकोले उक्त सामाग्री जडान गरेको प्रमाण पेश नभए असुल हुनुपर्ने रु............. २२८४८।००

४४. **विद्युत सामानको दर फरक :** देहायमा उल्लेख गरिएका उपभोक्ता समितिबाट गराईएको विद्युतिकरणमा खरिद गरि जडान गरिएको एउटै सामानहरुको मूल्य फरक फरक दरको पाईएको हुनाले तयार भएको लागत अनुमानको दररेटका सम्बन्धमा यकिन गर्न नसकिनुको साथै दर फरक पर्नुको कारण सहित प्रमाण पेश गर्नुपर्ने अन्यथा बढी रकम असुल हुनुपर्ने रु................ ४६८३७२।००

| सामानको नाम | वडा नं.३ दौलतपुर विद्युतिकरण उ.स.दर | | वडा नं.२ स्तरिय विद्युतिकरण उ.स.दर | | सामानको फरक दर | फरक रकम |
|---|---|---|---|---|---|---|
| | परिमाण | दर | परिमाण | दर | | |
| Lighting arraster | ९ | ५७७८०.०० | ४ | ६०००.०० | ५१७८०.०० | ४६६०२०.०० |
| Cable socket | ३६ | २७.०० | २४ | २५०.०० | २२३.०० | २३५२.०० |
| **जम्मा** | | | | | | **४६८३७२** |

४५. **न.पा.कार्यालय भवनदेखि सगरमाथा लोकमार्गसम्म सडक निर्माणः–** यस योजनाको लागि शुरुमा बजेट बिनियोजन भएको रु.२१,१०,०००।०० को लागत अनुमान तयार गरी कार्य गरेकोमा बजेट अभावको कारण जनाई न.पा.मा शौचालय निर्माण तथा पालेघर निर्माणमा बिनियोजन भएको बजेटबाट रकमान्तर गर्ने निर्णय मिति २०७५।३।३ को नगरपालिकाको निर्णयानुसार रु.१३,००,०००।०० थप गरी छुट्टै लागत अनुमान तयार गरेको र सोही उपभोक्ता समितिबाट सडक ढलान कार्य गरेकोमा सो कामको लागि कुल बजेट रु.३४,००,०००।०० रहेकोमा कुल खर्च तथा भुक्तानी रु.४१,१७,२०५।०० भएको हुदां बजेट भन्दा बढी खर्च रु.७,०७,२०५।०० खर्च गरेको पाईयो ।

४६. **अग्रिम कर दाखिला बांकीः–** नगरपालिकाको वडा नं.१ मा बालबालिकाको उद्घोषण तथा नेत्तृत्व बिकास तालिम सञ्चालन गरी गो.भौ.नं.२।०७५।२।८ बाट रु.४९,९६५।०० खर्च लेखांकन गरेकोमा भत्ताबाट कट्टा गरेको रकम रु.३,१६५।०० राजस्व दाखिला हुन बांकी देखिएकोले राजस्व दाखिला हुनुपर्ने रु...... ३१६५।००

४७. **भरपाई पेश नभएकोः–** गो.भौ.नं.१२।०७५।३।३२ बाट रु.३,६८,०००।०० वडा नं.१ का वडा सचिवश्री नविन कुमार दनुवारको पेश्की फछ्र्यौट गरेकोमा बुझिलिन बांकी रहेको ४ जनाले भत्ता रु.३,४००।०० र ढुवानी रकम रु.४,०००।०० गरी जम्मा रु.७,४००।०० को भरपाई पेश नभएकोले सो रकम दाखिला हुनुपर्ने रु............... ७४००।००

४८. **बढी खर्च लेखांकनः–** नगरपालिकाको वडा नं.१० को गो.भौ.नं.१।०७५।२।११ बाट रु.१,४४,०००।०० बैठक भत्ता खर्च लेखांकन गरेकोमा रु.१,३८,०००।०० को मात्र भरपाई संलग्न रहेको हुदां रु.६,०००।०० बढी खर्च लेखांकन गरेकोले असुल गर्नुपर्ने रु...... ६०००।००

४९. **निर्माण कार्यको सोधभर्ना भुक्तानीः–** नगरपालिकाको वडा नं.६ अन्तर्गत बिभिन्न स्थानको सडक मर्मत कार्य गरेको जनाई सोही वडाका वडाध्यक्ष श्री लिलाकान्त चौधरी मार्फत रु.३२,७८८।०० गो.भौ.नं.१।०७५।१।१० बाट सोधभर्ना भुक्तानी भएको देखिएकोले यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ ।

५०. **अधुरो योजनाः–**कार्यालयबाट प्राप्त विवरण अनुसार यो आर्थिक वर्षमा सम्झौता गरी निर्माण कार्यको चरणमा रहेको वा बजेट बिनियोजन भई सकेका योजनाहरु राजनितीक कारण,विवाद आदी कारणले तोकिएको समयमा वा सम्झौता नै हुन सकेको देखिएन । तसर्थ योजना छनौट गर्दा गाउं टोलस्तरमा व्यापक जनसहभागिता गराई सोही भेलाबाट छनौट भई वडा कार्यालय मार्फत पेश भएका दिर्घकालिन रुपमा प्रतिफल दिने खालका योजनाहरु छनौट गरी गाउंसभाको निर्णयानुसार बजेट बिनियोजन गर्ने र सभाबाट पारित भएका योजनाहरु मात्र कार्यान्वयन गर्ने परिपाटीको बिकास गर्नुपर्दछ । यस सम्बन्धि केही उदाहरणहरु निम्नानुसार छन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| २०/२०७५/२/८ | ३९०७२० | साविक दौलतपुर गा.वि.स वडा नं. ७ र ८ जोडले स्ल्याव कल्भर्ट | ५३८८८८.८८ | २०७४/१२/१८ | २०७५/२/३० | वर्षाका कारण |
| १/२०७५/२/२३ | ८०२२१४ | दौलतपुर विद्युतिकरण उपभोक्ता समिति दौलतपुर ३ | ४३११११.११ | २०७५/३/३० | २०७५/३/३० | वर्षाको कारण |
| १८८/०७५/३/२७ | २९१००० | सुरगा न.पा ३ वडा अन्तर्गत महिला सामुदायिक भवन निर्माण | २१५५५५.५५<br>१०७७७७.७८ | २०७४/१२/१६ | २०७५/३/३० | रकम अपुग भएको कारण |
| | खर्च नभएको | वडा नं. १ देखि ११ | ४३११११.११ | २०७४/१२/२६ | २०७५/२/३० | वर्षाको कारण र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्म विद्युतिकरण कार्य को पिप्रापश्चिम वडा नं. १ मा विद्युतिकरण गर्ने कार्य | | | | समयमा निर्माण सामग्री उपलब्ध नभएको |
| | खर्च नभएको | मलाह सामुदायिक भवन वडा नं. १० | ५३८८८८.८८ | २०७४/१२/२६ | २०७५/२/३० | जग्गा उपलब्ध नभएको कारण र समयमा निर्माण सामग्री उपलब्ध नभएको |

५१. **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) अनुसार निजामती तर्फका प्र.जि.अ. १ ना.सु ३, खरिदार ५, समेत ९ जनाको वार्षिक खर्च रु ३२९५०६६।०० खर्च लेखेकोमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको साथै स्थानिय निकाय तर्फ इ १ सहित १३ जनाको वार्षिक तलव रु ४९०३७४९।५० समेत नगर कार्यपालिकावाट पारित गराई खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित भएको देखिएन ।

५२. **शीप विकास तथा जनचेतना तालीम** : अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम मशाखावाटट स्वीकृत कार्य संचालय निर्देशिका, २०७३(छैटौ सस्करण) को परिच्छेद ७ को नियम ७.१.१५ अनुसार कृषि प्रशार कार्यक्रम तर्फ निम्नानुसार स्थलगत कृषक तालिम तथा शिप विकास तालिममा कक्षा संचालन गरे वापत प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता प्रति कक्षा रु ७००।०० का दरले दिनुपर्नेमा रु १२०० का दरले बढी भुक्तानी दिएको देखियो । ४५८००.००

| गो.भा.न. मिति | नाम | कक्षा | दर | रकम | ७०० ले हुने रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| ७/०७५/१/२६ | कृ.प्र.अ चन्द्रेश्वर यादव | ६ | १२०० | ७२०० | ४२०० | ३००० |
| ७/०७५/१/२६ | व.क.अ भागिरथ यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | प्रा.स श्री पुस्पा चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | प्रा.स अग्नी देव चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | मे. मुक्तिनाथ चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | मे. राजकुमार दास | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | कृ.प्र.अ. चन्द्रेश्वर यादव | ५ | १२०० | ६००० | ३५०० | २४०० |
| ७/०७५/१/२६ | सत्य नारायण यादव | २ | १२०० | २४०० | १४०० | १००० |
| ७/०७५/१/२६ | अन्य ६ जना प्रशिक्षक ११ कक्षा लिएको | ७ | १२०० | ८४०० | ४९०० | ३५०० |
| | **माटो प्रिरिक्षण कृषक तालिम** | | | ० | ० | ० |
| ७/०७५/१/२६ | माटो विज्ञ, नाथु प्रसाद चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | कृ.प्र.अ चन्द्रेश्वर यादव | २ | १२०० | २४०० | १४०० | १००० |
| ७/०७५/१/२६ | सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| | **३ दिने कृषक तालिम** | | ० | ० | ० | ० |
| ७/०७५/१/२६ | प्रशिक्षक अनुम लाल साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | प्रशिक्षक चन्द्रेश्वर यादव | ५ | १२०० | ६००० | ३५०० | २४०० |
| ७/०७५/१/२६ | प्रा.स सत्य नारायण यादव | २ | १२०० | २४०० | १४०० | १००० |
| ७/०७५/१/२६ | मजित आलम | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | ना.प्र.स सुरेश साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | लेखा चित्र प्र आचार्य | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | ना.सु मुक्तिनाथ | १ | १२०० | १२०० | ७०० | ५०० |
| ७/०७५/१/२६ | ना.सु राज कुमार | १ | १२०० | १२०० | ७०० | ५०० |
| धान खेती र प्रविधि सम्वन्धी कृषक | ० | ० | ० | | | |
| १५/०७५/३/१९ | प्रशिक्षक अनुम नाथ साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | ६ | १२०० | ७२०० | ४२०० | ३००० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | मजित आलम | १ | १२०० | १२०० | ७०० | ५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५/०७५/३/१९ | वन्दी लाल साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | जानकी चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| १ दिने अगुवा कृषक गोष्ठि को प्रशिक्षण | ० | ० | ० | ० | ० | |
| १५/०७५/३/१९ | प्रशिक्षक अनुम नाथ साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | २ | १२०० | २४०० | १४०० | १००० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| तेश्रो चौमासिकमा १ दिने कृषक गोष्ठी प्रशिक्षण | ० | ० | ० | ० | ० | |
| १५/०७५/३/१९ | प्रशिक्षक अनुम लाल साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | २ | १२०० | २४०० | १४०० | १००० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| २०७५।२।३० आषाठ १ सम्म कृषि शाखाको हलमा भएको कृषक तालिम | ० | ० | ० | ० | ० | |
| १५/०७५/३/१९ | प्रशिक्षक अनुम लाल साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | ५ | १२०० | ६००० | ३५०० | २५०० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | मजित आलम | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | सुरेश लामा | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | चित्र आचार्य | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | नालु चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| २०७५ जेष्ठ २३ देखि २५ सम्म स्थगत कृषक तालिम | ० | ० | ० | ० | ० | |
| १५/०७५/३/१९ | प्रशिक्षक अनुम लाल साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | ६ | १२०० | ७२०० | ४२०० | ३००० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | २ | १२०० | २४०० | १४०० | १००० |
| १५/०७५/३/१९ | अग्नी देवी चौधरी | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | पिन्टु कुमारी यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रा.स वान्दी लाल साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १ दिने स्थलगत कृषक तालिम तरकारी खेतीको रोग बारे | ० | ० | ० | ० | ० | |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | ३ | १२०० | ३६०० | २१०० | १५०० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| १ दिने तरकारी खेती सम्वन्धी स्थलगत तालिम(०७५।३।३) | ० | ० | ० | ० | ० | |
| १५/०७५/३/१९ | प्रशिक्षक चन्द्रेश्वर यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | वन्दीलाला साह | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | चित्र प्र आचार्य | १ | १२०० | १२०० | ७०० | ५०० |
| १५/०७५/३/१९ | प्रा.स सत्य नारायण यादव | १ | १२०० | १२०० | ७०० | ५०० |
| | **जम्मा** | | | **११०४००** | **६४४००** | **४५८००** |

| | | |
|---|---|---|
| ५३. | **शिक्षा सम्वन्धी कार्यक्रम तर्फ :**<br>**कर कट्टी :** शिक्षा सम्वन्धी विभिन्न कार्यक्रमको श्रोत व्यक्ति श्री भोगेन्द्र कुमार यादवलाई २०७५।२।२६-२।२७ सम्म विद्यालय तथ्यांक संकलन प्रशोधन, प्रतिवेदन सम्वन्धि कार्य वापत रु २१२०००।०० भुक्तानी दिएकोमा प्रशिक्षकको बुझ्केको भत्तामा कर कटाई निम्नानुसार कर कट्टी रकम बैक दाखिला गरेको भौचरको प्रमाण पेश नभएको रु | २४३४०.०० |

| गो.भा.न. मिति | विवरण | रकम | कर कट्टी रकम | |
|---|---|---|---|---|
| १६६।०७५।३।३१ | खजा खाना मसलन्द र प्रतिवेदनको बापतको | ६९०००.०० | ६५७० | |
| १६६।०७५।३।३१ | सहजकर्ता हिरालाल राना सहित ३ जनाको कक्षा संचालन बापतको | १४२००.०० | २१३० | |
| १६६।०७५।३।३१ | ६ जना कर्मचारी र नगर प्रमुख समेतको २१००० को १५ प्रतिशत र २००० को १० प्रतिशत | २३००० | ३४५० | |
| १६६।०७५।३।३१ | व्यवहारिक सोच सम्वन्धी तालिम प्रशिक्षक भत्ता | ३९८००.०० | ५५०० | |
| १६६।०७५।३।३१ | श्रोत व्यक्ति महेन्द्र कुमार यादवबाट तालिम संजालन गरेको वापतको भत्ता | ५८०० | ८७०.०० | |
| १६६।०७५।३।३१ | भत्ता वापतको | ७४८००.०० | ५८२०.०० | |
| | **जम्मा** | | **२४३४०.००** | |

| | | |
|---|---|---|
| ५४. | जनता मा.वि. शिसुवारी(१३९५) मा उ.मा.वि सन्तोष कुमार चयन र भुवनेश्वर पासमानको २०७४।४।१९ मा नियुक्ति भएतापनि न.पा. ले ३४२२०।०० दरले चौमासिक निकासा गरेकोले नियुक्ति अगावैको तलव निकासा रकम असुल गर्नुपर्ने | १८२५०.०० |
| ५५. | जन प्रभाव मा.वि दैलतपुर (१६७) मावि राहत शिक्षक अमन कुमार चौधरी र त्रिभुवन चौधरी २०७४।५।१ मा नियुक्ति भएको विवरण वाट देखिन्छ तर विद्यालयमा प्रथम चौमासिकमा(३०५०० र १०००) ४ महिनाको र चाडपर्व ३०५००।०० समेत रु १५६४००।०० निकासा भएकोले एक महिना श्रावणको नपाउने तलव असुल गर्नुपर्ने ३०५००।०० ले २ जना शिक्षकको बढी गएको रु | ६१०००.०० |
| ५६. | सर्शत अनुदान स्वास्थ्य : स्बास्थ्य तर्फका कर्मचारीको तलव भत्तामा रु.११,१९,९०३।- खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित भएको पाईएन। | |
| ५७. | ५५।०७५।३।२९ बाट चौधरी ग्रुप डिष्टीव्युटस लाहानबाट १२ प्रकारका सामानहरु रु. ३४३४९।० खरिद खर्च गरेकोमा दाखिला प्रतिबेदनमा जिन्सी खाता पाना नंबर उल्लेख नभएबाट जिन्सी खातामा भिडान गर्न सकिएन। | ३४३४९।० |
| ५८. | प्रा.स्वा.के अ.सन्तोष कुमार साहको मासिक तलव रु ३४२२०।००, महगी भत्ता १०००।००, चाडवाड खर्च ३४२२०।००, र पोसाक भत्ता ७५००।०० समेत जम्मा रु ४६४३६०।०० को पारिश्रमिक कर योग्य आय रु ६४३६०।०० को १५ प्रतिशतले हुने रु ९६५४।०० को १ प्रतिशत कर कटाई हुन आउने रु ९०१०।०० असुल गरी दाखिला गर्नुपर्ने रु | ९०१०.०० |
| ५९. | विद्यालय पोषण सप्ताहमा सुक्ष्म योजना बैठक अन्तरक्रिया पोषण समिक्षा स्वास्थ्य परिक्षण पोषण कर्ता संचालन प्रर्दशनी गरी २८८०८०।०० खर्चको कर कट्टी रु २१९६७।०० मा १२६६६ मात्र दाखिला भएको देखिदा नपुगको दाखिला भौचर पेश हुनुपर्ने रु | ९३००.०० |
| ६०. | पशुसेवा तर्फ रु ९८६०००।०० बजेटमा ११८२८४०।०० खर्च भई १९६८४०।०० बढी खर्च भएको नियमित हुनुपर्ने रु. | १९६८४०.०० |
| ६१. | **बहुक्षेत्रीय पोषण कार्यक्रम :** यस कार्यक्रमा आ.ब. २०७४।०७५ मा बजेट बिनियोजन र निकासा रु. १५,०४,०००।- भएकोमा रु. १२,९८,९००।- खर्च भई रु. २,०५,१००।- संघिय कोष दाखिला गरेको पाईयो। गो.भौ. नं. र मिति ३।२०७५।३।२४ बाट सुनौलो हजार दिन विपन्न दलित महिला र तिनको परिवारलाई वितरण गर्न भनि इन्द्र इन्टर प्राइजेजलाई लाहानबाट वाटर फिल्टर २२० थान रु ३३००००।०० मा खरिद गरेकोमा ११ वडामा २० वटाको दरले बाडनु पर्नेमा पिफा पश्चिम स्वास्थ्य चौकीमा हालसम्म पनि मौज्दात रहिरहेकोले बितरण गरेको पुस्ट्याई हुने प्रमाण पेश हुनु पर्दछ। | |
| ६२. | खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक ३ पटकमा एक पटक मात्र बसेको छ। योजनाको वार्षिक समीक्षा भएको देखिएन। | |
| ६३. | १७ विद्यालयमा हातधुने सामग्री वितरण कार्यक्रम भएको देखिएन। विद्यालयमा ह्याण्ड पम्प वितरण कार्यक्रम भएको देखिएन। MUAC Screening बाल पाखुरा मापन कार्यक्रम भएको देखिएन। विउ विवतरण भएको देखिएन। तसर्थ कार्यक्रम समयमा नै सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ। | |
| | **सामाकि सुरक्षा भत्ता :** | |
| ६४. | वडा नं. ४ का जेष्ठ नागरीक अन्य बापत सामाजिक सुरक्षा भत्ता लिने पुर्नी देवी चौधरी थारु (जन्म मिति २००३।१२।३०, ना.प्र.नं. ४१२) नामको भरपाईमा लिन नआएको मृत्यु भनि ४००० मात्र खर्च लेखीसकेपछि उहि नाम र ना.प्र.नं रहेको पूर्नी देवी चौधरी को सोही भरपाइमा उल्लेख अर्को नाममा पुन अर्को भरपाई गराई ८००० दिएकोले दोहोरो दिएको रकम रु ८०००।०० असुल हुनुपर्ने रु | ८०००.०० |
| ६५. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार सामाजिक सुरक्षा वितरण गर्दा एउटा दरबाट पाउनेहरुको भरपाई र अर्को दरबाट पाउनेहरुको भरपाईको अभिलेख एक आपसमा नमिसिने गरी अभिलेखांकन गरी राख्नुपर्नेमा यसो दरबाट पाउनेको एकै ठाउमा राखेको पाइयो। दर अनुसारको भरपाई छुट्टा छुट्टै छुट्टाएर | |

<table>
<tr><td></td><td>राख्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>६६.</td><td>वडा नं. ५ को भरपाईको श्रेस्ता परिक्षण गर्दा निम्न व्यक्तिहरुलाई हातले लेखि रकम वितरण गरेको पाइएकोले र दोश्रो किस्ता एम. आइ.एस परिक्षण गर्दा सो लाभग्राहीको नाम नदेखिएकोले निजहरुले सामाजिक सुरक्षा भत्ता पाउने आधार नदेखिएको हुदा यस्तो रकम पाउने प्रमाण पेश हुनुपर्ने अन्यार्था असुल हुनुपर्ने रु. २००००।००
<table>
<tr><td>समुह</td><td>नम</td><td>रकम</td><td>वाड नं</td></tr>
<tr><td>दलित जेष्ठ नागरिक</td><td>दुखी पासवान</td><td>४०००.००</td><td>वडा नं. ५</td></tr>
<tr><td>दलित जेष्ठ नागरिक</td><td>महेश्वर पासवान</td><td>४०००.००</td><td>वडा नं. ५</td></tr>
<tr><td>दलित जेष्ठ नागरिक</td><td>इशवती चमैन</td><td>४०००.००</td><td>वडा नं. ५</td></tr>
<tr><td>विधवा</td><td>फलमा कुजर्मी</td><td>४०००.००</td><td>वडा नं. ५</td></tr>
<tr><td>विधवा</td><td>गलिया थरुनी</td><td>४०००.००</td><td>वडा नं. ५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२००००.००</td><td></td></tr>
</table></td><td>२००००.००</td></tr>
<tr><td>६७.</td><td>वडा नं. ११ का बालवालिका वापत भरपाई परिक्षण गर्दा आदित्य मंडल जन्म मिति २०६९।५।१० देखिएको तर निजलाई ४ महिनाको पुरै १६००।०० भुक्तानी भएको देखिएकोले बढी २ महिनाको रु ८००।०० असुल गर्नुपर्ने रु</td><td>८००.००</td></tr>
<tr><td>६८.</td><td>७० वर्ष उमेर पुगरेका लाभग्राहीलाई मात्र औषधी उपचार बापतको रकम वितरण गर्नुपर्नेमा वडा नं. ११ मा विधुवा भत्ताको रकम वच्कुन देवी नामको पहिलो किस्ता वितरण गरेको भरपाइमा २०१२ भएकोमा २०१२ लाई हातले सच्याई २००४ गराई दोश्रो र तेश्रो किस्ता औषधी उपचार बापतको रकम क्रमस ४०००,४००० गरी रु ८०००।०० वितरण गरेको देखियो । निजको एम. आइ.एस परिक्षण गर्दा जन्म मिति २०१२ देखिएकोले दोश्रो र तेश्रो किस्ताको औषधि उपचार बापतको उक्त रकम फिर्ता हुनुपर्ने रु ८०००।००</td><td>८०००.००</td></tr>
<tr><td>६९.</td><td>आन्तरिक लेखापरीक्षण प्रतिबेदनमा देखिएको व्यहारो लेखापरीक्षण अवधिसम्म कार्यान्वयन भएको देखिएन ।</td><td></td></tr>
<tr><td>६९.१</td><td>वडाहरुको लागि पूजिगत खर्च छुट्याएरको विनियोजित रकम प्रशासनिक खर्च गरेको पाइएको हुदा यस्ता खर्च रकमहरु समयमै वजेट विनियोजन गरेर मात्र खर्च गर्नुपर्ने</td><td></td></tr>
<tr><td>६९.२</td><td>गत वर्षको वेरुजुहरुको अभिलेख राख्नुपर्ने सो अभिलेखिकरण गरी वेरुजु फछ्र्यौट हुनुपर्नेमा सो भएको पाइएन ।</td><td></td></tr>
<tr><td>६९.३</td><td>आन्तरिक श्रोत वृद्धि गरी नगर कार्यपालिकाको खर्च गर्न पर्ने सो नगरी अनुदानबाट खर्च गरी पारिश्रमिक तथा बैठकभत्ता खर्च भएको पाइयो ।</td><td></td></tr>
<tr><td>६९.४</td><td>नगरसभाले विनियोजन गरेको विकास निर्माणको बजेट माटो पुराई तथा ग्राभेलमा अधिकाश खर्च गरेको पाइयो । यसले समग्र नगरपालिकाको दिगो तथा समानुपातिक विकास हने नदेखिएकाले सो तर्फ ध्यान दिनु पर्ने पाइयो ।</td><td></td></tr>
<tr><td>६९.५</td><td>वडा नं. १० भौ नं. १ मिति २०७५।२।११ मो.सा मर्मत गरेको अभिलेख म.ले.प.फा.नं. २ राख्नुपर्नेमा सो राखी नियमित हुनुपर्ने रु</td><td>१७८०</td></tr>
<tr><td>६९.६</td><td>आन्तरिक आयको शिर्षक गत हुनु पर्नेमा एकमुष्ठ आम्दानी गरी बैक दाखिला गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>६९.७</td><td>आन्तरिक राजश्व कार्यालयलाई २०७४।०७५ मा भुक्तानी भएका फर्महरुको भुक्तानी विवरण पठाउनुपर्नेमा सो पठाएको पाइएन ।</td><td></td></tr>
<tr><td>७०.</td><td>सेवा प्रवाह : यस पालिकाले आफ्नो कार्यालयमा सेवाग्राहीको गुनासो सुन्न गुनासो पेटिकाको व्यवस्था गरेको भए पनि गुनासो पेटिकामा गुनोसो नआएको तर टेलिफोन, मौखिक, हेलो सरकार लगायतका माध्यमबाट गुनासा प्राप्त हुने गरेकोमा कार्यालयले उल्लेखित गुनासाको व्यवस्थित अभिलेख राखेको पाईएन । सेबा प्रबाह प्रक्रियालाई बडापत्रको व्यबस्था संग मेल खाने गरेर थप व्यबस्थित गराई जनगुनासो आउन नदिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । यस सम्बन्धमा छलफल गर्दा प्राप्त भएका गुनासो समाधान गरिएको तर अभिलेख व्यवस्थित हुन नसकेको लेखापरिक्षणको क्रममा जानकारी हुन आयो । जुनसुकै माध्यमबाट कार्यालयमा प्राप्त गुनासाको अभिलेख व्यवस्थित हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७१.</td><td>बेरुजुको लगत र संपरीक्षण : स्थानीय सरकारको आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ५८ मा आन्तरिक वा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजू फछ्र्योट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको गतबिगतको बेरुजूको अध्याबधिक अभिलेख खडागरी संपरीक्षण गराई बेरुजू राफसाफ गराउने तर्फ ध्यान जानुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>७१.१</td><td>संपरीक्षण : कार्यालयले सम्परीक्षणको लागि अनुरोध भई आएकोमा रु. १९२४९६.०० को सम्परीक्षण भएको छ ।
<table>
<tr><td>आ.व</td><td>दफा</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>०७२/७३</td><td>१३.८</td><td>सा.प कला आचार्यको वालवालिका सम्वन्धि तालिमको</td><td>१७२०००.००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | फाटवारी पेश भई पेश्की फछ्र्यौट | |
| ०७३/७४ | १९.१ | पायोनियर केवल प्रा.लीको बैक दाखिला भौचर पेश भई | ९७८०.०० |
| ०३७/०७४ | १९.१ | बेरुजुको दाखिला भएको बैक भौचर पेश | १०७१६.०० |
| | | **जम्मा** | **१९२४९६.००** |

७२. **वित्तीय जवाफदेहिता मूल्यांकन** : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा यस कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन / विकास निर्माण सम्बन्धमा मूल्यांकन गर्दा कूल १०० पूर्णाङ्कमा ५९ अंक प्राप्त गरी सी ग्रेड प्राप्त गरेको छ। उक्त व्यहोराको संबन्धमा सुधार  हुनु पर्ने देखिन्छ।

७३. **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु .१ लाख ४९ हजार, अनियमित बेरुजू रु.१८ लाख ७० हजार, र प्रमाण कागजात पेश नभएको बेरुजू रु. ३६ लाख ९० हजार  समेत रु.५७ लाख ९ हजार बेरुजू कायम भएको छ। कार्यालयबाट प्रतिक्रिया एवं जवाफ प्राप्त भएको छैन।

७४. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ

(रु हजारमा)

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १२७६६ | २० | १२७४६ |

:

७५. **अद्यावधिक बेरुजू स्थिति :** सुरुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

(रु. हजारमा)

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी © | यो वर्षको सं प.बाट कायम बेरुजू (D) | वर्षको कायम बेरुजू (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १२७४६ | - | ५७०९ | १८४५५ |

अनुसूची- १

# सुरङ्गा नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाङकी बेरुजू | | | बाङकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सप्तरी | सुरङ्गा न.पा | ५१ | २४ | ५७०९ | ० | ० | ० | ५१ | २४ | ५७०९ | १४९ | १८७० | ३६९० | | | ५७०९ | ० | ० | ० |

अनुसूची- २

# सुरङ्गा नगरपालिकाको सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | सुरङ्गा नगरपालिका | सप्तरी | ७१६८ | २४४८८३ | १३६७२६ | ७३३७४ | ४५४९८३ | ४०८६८३ | ६०० | ५१५ | ४०९७९८ | ५२३५३ |